# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २२ गते २०३३ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र विकास समिति (गठन) आदेश, २०२२ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र विकास समिति (यसपछि समिति भनिएको) मा निम्नलिखित अनुसार नियुक्त गरेको छ।

१. माननीय गृह पञ्चायत मन्त्री – – – – – – – – अध्यक्ष
२. गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका सदस्य–सचिव – – सदस्य
३. राष्ट्रिय योजना आयोगका सदस्य श्री गोविन्दप्रसाद लोहनी – – सदस्य
४. श्री गणेशराज सिंह – – – – – – – – सदस्य
५. स्थानीय विकास विभागका महा–निर्देशक – – – – – सदस्य
६. तालीम प्रमुख – – – – – – – – – – सदस्य
७. गृह पञ्चायत सचिव – – – – – – – – सदस्य–सचिव

खण्ड १५ मिति २०२२।१०।११ संख्या ४० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव



693 ~~६९~~

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

नगर पञ्चायत (पाँचौं संशोधन) अध्यादेश, २०३२ को दफा ६ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सेती अञ्चलको कैलाली जिल्ला अन्तर्गत पर्ने पूर्व खटिया नदी, पश्चिम मोहना नदी र कञ्चनपुर जिल्लाको सिमाना, उत्तर कैलाली मोटीपाटी भन्ने गाउँहरूको उत्तरपट्टीको मूलबाटोदेखि केही भाग र दक्षिण मित्रराष्ट्र भारतको सिमाना यति चारकिल्लाभित्र पर्ने जम्मा जनसंख्या १०,००० (दश हजार) भएको धनगढी नगर पञ्चायत क्षेत्र घोषित गरेको छ।

आज्ञाले–

शेरबहादुर शाही

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

नगर पञ्चायत (पाँचौं संशोधन) अध्यादेश, २०३२ को दफा ६ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चलको सिराहा जिल्ला अन्तर्गत पर्ने पूर्व बलान नदी, पश्चिम ब्रस्तिपुर गा. पं. को पूर्वी सिमाना, उत्तर भदैया गा. पं. को दक्षिण सिमाना तथा मूलीधार र दक्षिण भवानीपुर गा. पं. को उत्तरी सिमाना यति चारकिल्लाभित्र पर्ने जम्मा जनसंख्या ९,१०० (नौ हजार एक सय) भएको लहान नगर पञ्चायत क्षेत्र घोषित गरेको छ।

आज्ञाले–

शेरबहादुर शाही

६९८ ६९६ श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।